भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नं. :

मितिः

कफि खेती प्रवर्धन कार्यक्रममा सहभागिताका लागि प्रस्ताव आव्हानको सूचना

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/११/२६

यस भीमेश्वर नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम अन्तर्गतको तपसिल उल्लिखित कार्यक्रम सञ्चालन गर्नुपर्ने भएको हुँदा यस नगरपालिका वडा नं ५ भित्रका कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/ उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले ७ दिन (मिति २०८२ चैत्र २ गते) भित्र यस कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

कार्यक्रमको नाम	कार्यक्रमको कूल बजेट रकम रु.	माग गर्न सकिने क्रियाकलापहरु	कार्यक्रम कार्यान्वयन हुने स्थान	कैफियत
कफि खेती प्रवर्धन कार्यक्रम	१० लाख	कार्यविधिको अनुसूची-४ को ३ बमोजिमका क्रियाकलापहरु	वडा नं ५	अनुदान प्रतिशत तथा अन्य विषय स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम हुनेछ।

<u>आवश्यक कागजातः</u>

१. निवेदन तथा प्रस्तावना (https://bhimeshwormun.gov.np) मा उपलब्ध हुनेछ।
२. कृषि फर्म/ कृषक समूह/ कृषि सहकारी संस्थाको हकमा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रतिलिपि, प्यान दर्ता प्रमाणपत्र प्रतिलिपि, कृषक समूह/ कृषि सहकारी संस्थाको हकमा वैठकको निर्णयको प्रतिलिपि, सहकारी संस्था भए अघिल्लो आ. व. को लेखा परीक्षण प्रतिवेदन प्रतिलिपि।
३. व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकताको प्रतिलिपि, कृषक समूह/कृषि सहकारी संस्थाको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
४. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि, जग्गा भाडामा लिएको भए कम्तीमा १० वर्षको करार सम्झौता, स्थायी प्रकृतिका संरचना निर्माणका लागि न्यूनतम १५ वर्षको करार सम्झौता पत्र।
५. अनुसूची १ बमोजिमको प्रतिवद्धता पत्र।

यस कार्यक्रम सम्बन्धी थप जानकारीको लागि फोन नं ९८६११७८९९२(शान्ती आचार्य), ९८६४००२०७७ (राधिका बुढाथोकी), ९८४४०००६२८ (मनुका घिमिरे), ९८६१८४९२०९ (विष्णु चौलागाई), ९८६११७८९३० (रितु बराईली) तथा कृषि शाखामा सम्पर्क गर्न सकिनेछ ।

२०८२/११/२६

.....

(विष्णु प्रसाद सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद सुवेदी

प्रमुख प्रशासकीय अधिकृत